# विषयः लेखापरीक्षकमा नियुक्ती गरिएको बारे ।

७.९.११

श्री......आर.के.वि.....एण्ड एसोसिएटस्

O/C

...........................................

थाहा नगरपालिका नगरकार्यपालिकाको कार्यालय शिक्षा शाखा, मकवानपुर ३ नं प्रदेश

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को नियम ११(ज) मा आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन व्यवस्थापन तथा नियमनको जिम्मेवारी स्थानीय तहमा भएको र सोही अनुसार यस नगर पालिका अन्तर्गत सञ्चालित सामुदायिक र संस्थागत विद्यालयले आर्थिक वर्ष २०७४ श्रावण देखी २०७५ असार मसान्त सम्मको विद्यालयको वार्षिक बजेट आय व्ययको लेखा परीक्षण गर्न नगरपालिकाको मिति २०७५/८/२४ गतेको निर्णय अनुसार तपाईहरुलाई तपसिलमा उल्लेखित विद्यालयहरुमा लेखापरीक्षण गर्न तोकिएकोछ । पत्र प्राप्त भएको मितिले १५ दिन भित्र नियमानुसार विद्यालयको लेखापरिक्षण सम्पन्न गरी सकेको प्रतिवेदन अनिर्वाय रुपमा नगरपालिकामा समेत पेश गर्नुहुन जानकारी गरिन्छ ।

## तपसिल

१) शिक्षकहरुको नियुक्ती, सरुवा, बढुवा, तलब निर्धारण बारे निजीतर्फ विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम नियुक्तीपत्र छ/छैन हाजिरी रेकर्ड राखी तलब खर्च मिल्छ/मिल्दैन ।

२) संस्थागत विद्यालयले उठाउने विभिन्न शुल्क र खर्चमा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भएको छ/छैन ।

३) करयोग्य आम्दानी भएका शिक्षक तथा कर्मचारीहरुको कर कट्टी गरी समयमा नै दाखिला भएको छ/छैन र विद्यालयको घर भाडा भुक्तानी गर्दा घर बहाल कर कट्टी गरी समयमा सम्बन्धित कार्यालयमा दाखिला गरे नगरेको विवरण लिई ले.प. गर्ने र साथै घर भाडा सम्झौता गर्दा नेपाल सरकारको स्वीकृत नर्म्स अनुसार भएको छ/छैन ।

४) शिक्षकहरुको खाईपाई आएको ग्रेड तथा शिक्षक नियमितता सम्बन्धमा उपयुक्त छ/छैन ।

५) सामुदायिक विद्यालयहरुमा नगरपालिकाबाट निकाशा भएको बजेटको नियमानुसार खर्च भएको छ/छैन ।

६) शिक्षा ऐन तथा नियमावली अनुसार उपलब्ध गराउनुपर्ने छात्रवृती गरीब जेहेन्दार दलित अपाङ्ग जनजाती र सिमान्तकृत विद्यार्थीहरुलाई के कसरी वितरण भएको छ/छैन ।

७) विद्यालयलाई आवश्यक पर्ने भौतिक तथा अन्य सामाग्री खरीद गर्दा सार्वजनिक खरिद नियमावली पालना गरेको छ/छैन ।

८) विद्यार्थीहरुबाट उठाएको शुल्क सम्बन्धीत शिर्षकमा नै खर्च गरिएको छ/छैन ।

९) संस्थागत विद्यालयहरुले नियमानुसार शिक्षा सेवा कर समयमा भुक्तानी गरेको छ/छैन ।

१०) विद्यालयबाट शैक्षिक सामाग्री तथा अन्य सामाग्रीहरु विक्री वितरण गर्ने गरिएको छ/छैन ।

११) विद्यालयको नाममा रहेको जग्गाको भोग निसा प्रमाण छ/छैन ।

१२) विद्यालयको जिन्सी विवरण प्रचलित नियम अनुसार अभिलेख भए/नभएको सोको विवरण ।

१३) विद्यालयका शिक्षकहरु लामो समय सम्म अध्ययन विदा वा अन्य विदा बसेको/नबसेको सो को विवरण ।

१४) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरुबाट आर्थिक सहयोग पाए/नपाएको सोको विवरण ।

१५) यो लेखापरीक्षक गरेवापत तपाइले ने.चा.ए. संस्थाले तोके बमोजिम हुन आउने रकम मात्र शुल्क विद्यालयबाट प्राप्त गर्नुहुनेछ । सो भन्दा बढी रकम विद्यालयमा लेखापरीक्षकले दाबी गर्न पाइनेछैन । विद्यालयले पनि सो भन्दा

Scanned by CamScanner

बढी रकम भुक्तानी नगर्न जानकारी गराइन्छ । यदी लेखापरीक्षकले नियमानुसार हुन आउने रकम भन्दा बढी माग गरेमा रकम भुक्तानी नगरी तुरून्त यस कार्यालयलाई जानकारी गराउनुहुन र विद्यालयले पनि ले.प. नगराएमा लेखापरीक्षकले तुरून्त यस कार्यालयलाई जानकारी गराउनुहुन अनुरोध छ ।

१६) तोकिएको मितिभित्र लेखा परीक्षण सम्पन्न हुन नसके सोको कारण सहित जानकारी यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

## लेखा परीक्षण गर्नुपर्ने विद्यालयहरु

१.

२.

३.

४.

५.

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत
थाहा नगरपालिका

हरिलाल पुरी
प्रमुख ... कीय
अधिकृत

## बोधार्थ

श्री.....संलग्न सूची.....विद्यालय

थाहा नगरपालिका वडा नं.............., मकवानपुर

अन्तिम लेखापरीक्षक विवरण १ प्रति नगरपालिकामा उपलब्ध गराउन हुन समेत ।

O/C

(१) श्री सेती गणेश आधार शते
(२) श्री इन्द्रायणी मा वि आग्रा
(३) श्री सरस्वती मा वि डेउवेला
(४) श्री सरस्वती विद्या मन्दिर
(५) श्री स्वच्छन्द भैरव मा वि
(६) श्री इडेन इं स्कुल
(७) श्री नागेश्वरी प्रा वि दामन
(८) श्री कुटेश्वरी प्रा वि
(९) श्री सत्यनारायण मा वि कुलेखानी
(१०) श्री जनक प्रा वि चित्लाङ
श्री महालक्ष्मी प्रा वि
(११) श्री जितन प्रा वि
१२ श्री मंगलेश्वर प्रा वि आडरबोरिया
१३ श्री कालीदेवी प्रा वि चित्लाङ
(१४)
१५ श्री सुन्दरी देवी मा वि डाँडाबास

(१६) चन्द्रेश्वर आधार शत दामन

Scanned by CamScanner